**<u>सार्वजनिक सेवा प्रसारण नेपाल</u>**

# <u>नेपाल टेलिभिजन</u>

**<u>सिलवन्दी बोलपत्र आह्वानको सूचना</u>**

**<u>(प्रथम पटक प्रकाशित मिति २०८२/०३/२७ गते )</u>**

**सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजन राष्ट्रिय प्रसारणमा आर्थिक बर्ष २०८२/०८३ को लागि कार्यक्रम समय बिक्री, कार्यक्रम प्रायोजन, समाचारमा विज्ञापन समय प्याकेज विक्री, बिभिन्न समाचार प्रायोजन तथा प्रत्यक्ष प्रसारणको लागि यो शिलवन्दी बोलपत्र आह्वान गरिएको छ ।**

१. वोलपत्र फाराम सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको केन्द्रीय कार्यालय, सिंहदरबार, काठमाडौंबाट निम्नानुसार शुल्क बुझाई यो सूचना प्रकाशित भएको मिति देखि १५ औं दिनभित्र कार्यालय समयसम्म खरिद गर्न सकिनेछ । वोलपत्र फाराम खरिद गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिनको कार्यालय समयसम्म खरिद गर्न सकिनेछ ।

- बार्षिक रु. २० लाखसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु १०००।-(अक्षेरुपी एक हजार मात्र )
- बार्षिक रु. २० लाख भन्दा माथि रु २ करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ३,०००।-(अक्षेरुपी तीन हजार मात्र )
- बार्षिक रु. २ करोड भन्दा माथि १० करोडसम्म न्युनतम रकम तोकिएकोमा प्रति वोलपत्र फारम रु ५,०००।- (अक्षेरुपी पांच हजार मात्र)

२. बोलपत्रदाताले प्रस्ताव पेश गर्दा कार्यक्रम प्रायोजन, समय बिक्री, समाचारमा विज्ञापन प्याकेज बिक्री, बिभिन्न समाचार प्रायोजन तथा प्रत्यक्ष प्रसारणको लागि प्रत्येक स्लट वा प्याकेजको लागि छुट्टा छुट्टै सिलबन्दी बोलपत्र प्रस्ताव पेश गर्नु पर्नेछ । प्रत्येक बोलपत्र प्रस्तावको खाम बाहिर आफुले खरिद गर्ने स्लट वा प्याकेजको नाम र वोलपत्र नं. स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

३. रितपूर्बकको सिलवन्दी गोप्य प्रस्ताव प्रथम पटक सूचना प्रकाशित मितिले १५ औ दिनको भोलिपल्ट दिनको १२.०० बजे सम्ममा सार्वजनिक सेवा प्रसारण नेपाल टेलिभिजनको केन्द्रीय कार्यालय सिहंदरबार काठमाडौंको ब्यापार महाशाखामा दर्ता गराईसक्नु पर्नेछ । पेश भएका वोलपत्रहरु सोहि दिनको २:०० वजे नेपाल टेलिभिजनमा बोलपत्रदाताको प्रतिनिधिको उपस्थितिमा खोलिनेछ । वोलपत्रदाताको प्रतिनिधि उपस्थित नभएपनि वोलपत्र खोल्न वाधा परेको मानिने छैन । सिलवन्दी गोप्य प्रस्ताव दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुलेको पहिलो दिन तोकिएको समयसम्ममा प्रस्ताव दर्ता तथा वोलपत्र खोल्ने काम गरिनेछ ।

४. वोलपत्रदाताले प्रस्ताव साथ वोलकवोल गरेको भ्याट सहितको कुल वार्षिक रकमको २.५% ( दुई दशमलव पाँच प्रतिशत ) धरौटी वोलपत्र साथ पेश गर्नुपर्नेछ । सो धरौटी वापतको रकम सिलवन्दी वोलपत्र साथ ग्लोबल आइ. एम. ई बैंक लि.मा रहेको नेपाल टेलिभिजनको चल्ती खाता नं ३४४०१०१००००६४५ मा जम्मा गरको सक्कल प्रति भौचर वा वोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको क वर्गको वाणिज्य बैंकबाट जारि हुने bid security पेश गर्नुपर्नेछ ।

५. समय खरिद गरि कार्यक्रम प्रसारणका लागि कार्यक्रमको एक भाग डमी खामभित्र सिलवन्दी गरी पेश गर्नुपर्नेछ ।

६. वोलपत्रबाट विक्रीमा राखिएका स्लट एवं दररेट र सो वापत पाउने FCT आदीका सम्बन्धी विस्तृत जानकारीका लागि नेपाल टेलिभिजनको व्यापार महाशाखा, सिहंदरबार, काठमाण्डौंमा सम्पर्क राख्न वा सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजनको वेभसाईट www.ntv.org.np मा हेर्नको लागि अनुरोध छ ।

**सम्पर्क फोन नं. ४२००५६५/४२००३४८**
**सार्वजनिक सेवा प्रसारण नेपाल, नेपाल टेलिभिजन ब्यापार महाशाखा, सिंहदरबार, काठमाण्डौं ।**